बागचौर नगरपालिकाको सम्मानित सातौं नगरसभा २०७८ साल असाढ २७ गते आइतबारका दिन नगरपालिका उप-प्रमुख श्री कल्पना पुनज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८।०७९ को

# बजेट वक्तव्य २०७८

समृद्द नगर निर्माणको लागि नगरबासीको सहभागिता !

आर्थिक तथा पुर्वाधार विकास र सुशासन हाम्रो प्रतिबद्दता !!

सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,

नगर सभाका सदस्यज्यूहरु,

- नगरपालिकाको सम्मानित सातौं नगरसभा समक्ष नगरको मार्ग दर्शक सिद्दान्तको रुपमा रहेको आर्थिक वर्ष २०७८।०७९ को समग्र नीति तथा कार्यक्रम कार्यान्वियनको दस्ताबेजको रुपमा यो बजेट प्रस्तुत गरिरहँदा अत्यन्तै गर्वको महसुस गरेको छु ।
- यस ऐतिहासिक अवसरमा सर्व प्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा राष्ट्रियता, लोकतन्त्र र नागरिक अधिकार प्राप्तिको लागी भएका १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात महान सहिद तथा बेपत्ताहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते अपाङ्ग योद्धाहरूप्रति हार्दिक सम्मानका साथ अभिवादन प्रकट गर्दछु । न्याय समानता, स्वाधीनता र समृद्धिका लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा अमूल्य योगदान पुर्‍याउनु हुने सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।
- नेपालको संविधान; संघीय तथा प्रदेश सरकारबाट जारी ऐन, कानून तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शन को रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४; नगरको आर्थिक विधेयक, २०७८; विनियोजन विधेयक, २०७८, आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम; संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु; नगरका विषयगत समितिका सुझावहरु; दिगो विकासका लक्ष्यहरु; नगर सभाका सदस्यज्यूहरुले दिनुभएका सुझावहरु; विषय विज्ञका सुझाव, सञ्चारकर्मी, नागरिक समाज, राजनितिक दलहरु, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझाव र नगरबासी दिदिबहिनी तथा दाजुभाइहरुबाट प्राप्त महत्वपुर्ण तथा कार्यान्वियन योग्य सुझाबहरु नै आर्थिक वर्ष २०७८।०७९ को नीति तर्जुमा एवं बजेट प्रक्षेपणको आधार रहेको छ ।

अव म नगरपालिकाको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु ।

- कर, दस्तुर सेवा शुल्कहरुमा संशोधित अनुमान गरिएको रकम रु १ करोडमा हालसम्मको आम्दानी रु १ करोड ५ लाख १३ हजार ९२१ रहेको छ ।
- वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजस्व बाडँफाट गरी जम्मा रकम रु ७४ करोड ८ लाख ३९ हजार अनुमान गरिएकोमा असार २७ गते थप रकम सहित ८० करोड ६७ लाख ८० हजार कुल रकम रहेको छ ।

- व्यवतर्फ चालु शीर्षकमा रु ४९ करोड ६० लाख २९ हजार विनियोजन भएकोमा २०७८ अषाढ २५ गतेसम्म ६०.६९% र पुँजिगततर्फ ३१ करोड ७ लाख ५० हजार विनियोजन भएकोमा ३८.२०% गरी कुल खर्च ५२.०३% (प्रधानमन्त्री रोजगार कार्यक्रम बाहेक) भएको अवस्था छ ।

अब म आगामी वर्ष २०७८।०७९ को बजेटका प्राथामिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. स्वास्थ्य तथा कोभिड-१९ रोकथाम तथा नियन्त्रण

२. पूर्वाधार विकास

३. श्रम तथा रोजगारी

४. शिक्षा

५. कृषि तथा पशुपालन

६. सुशासन, संस्थागत विकास तथा मानव पुँजी व्यवस्थापन

- बजेटले राखेका उद्देश्य एवं प्राथामिकता कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तहहरु, विकासको सहयात्रीको रुपमा रहेका नीजी तथा सहकारी क्षेत्रसँग समन्वय एवं साझेदारी गरिनेछ ।

**सभा अध्यक्ष महोदय एवं नगर सभाका सदस्यज्यूहरु,**

अब म नगरपालिकाको आ.व. २०७८।०७९ को कुल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आ.व. २०७८।०७९ को कुल व्यय रु **७८ करोड ८२ लाख ५२ हजार ४७४** रहने अनुमान गरिएको छ ।
- यस नगरपालिकालाई संघीय सरकारबाट प्राप्त बजेट सिलिङ्ग, प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग, नगरको आन्तरिक आय समेतलाई आकलन गरी उल्लेखित नीति तथा कार्यक्रमहरुको प्राथामिकता आधारमा कार्यान्वयन गर्नका लागि आ.व. २०७८।०७९ का लागि निम्नानुसार बजेट तर्जुमा गरिएको छ ।

**आय तर्फ**

- आगामी आर्थिक वर्षमा आन्तरिक आय तर्फ कुल रु १ करोड ।
- संघीय सरकारको वित्तिय समानीकरण अनुदान रु १२ करोड ८ लाख ।
- संघीय सरकारको राजश्व बाँडफाँड मार्फत प्राप्त हुने रकम रु ९ करोड २७ लाख ६७ हजार ।
- संघीय सरकारको सशर्त अनुदान रु २९ करोड ८४ लाख ।
- बाँडफाँड भै प्राप्त हुने वन रोयल्टी रु ३ लाख ।
- घर जग्गा रजिष्ट्रेसन दस्तुर (मालपोत) ३५ लाख
- प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान रु १ करोड ३१ लाख ९२ हजार ।
- प्रदेश सरकारको राजश्व बाँडफाँड मार्फत प्राप्त हुने रकम रु ८ लाख ८३ हजार ४७६ ।
- प्रदेश सरकारको सशर्त अनुदान रु १ करोड ९७ लाख २ हजार ।
- प्रदेश सरकारको विशेष अनुदान रु ४० लाख ।
- प्रदेश सरकारबाट समपुरक अनुदान रु १करोड २० लाख ।
- कोभिड १९ रोकथाम तथा नियन्त्रण रकम रु १ करोड ।
- गत वर्षको बचत अ.ल्या. रकम रु २० करोड २७ लाख ७ हजार ९९८ समेत गरी कुल रकम रु ७८ करोड ८२ लाख ५२ हजार ४७४ जम्मा आय तर्फ रहेको छ ।

**व्यय तर्फ**

- आय तर्फ अनुमानित कुल रकम रु ७८ करोड ८२ लाख ५२ हजार ४७४ रहेकोमा आगामी आर्थिक वर्षमा व्यय तर्फ चालु खर्च रु ४३ करोड ५७ लाख ५२ हजार ४७४ र पुँजीगत निर्माण खर्च तर्फ रकम रु ३५ करोड २४ लाख ९९ हजार ९९८ अनुमान गरिएको छ ।

उल्लेखित पुँजीगत तथा चालु खर्चलाई स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जिन सहित) ले निर्दिष्ट गरे बमोजिम आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपत व्यवस्थापन तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रगत रुपमा विनियोजन गर्न प्रस्ताव गरेको छु । बजेट आय-व्ययको विवरण अनुसुचीमा समावेश गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

अब म क्षेत्रगत उद्देश्य तथा प्राथमिकताका आधार सहित कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

क. नगरपालिका क्षेत्रमा कोभिड-१९ सङ्क्रमणबाट नागरिकलाई बचाउन कोभिड-१९ आइसोलेसन केन्द्रलाई निरन्तरता दिइने ।

ख. आर्थिक विकास गतिविधि अगाडि बढाउन पूर्वाधार निर्माणमा साझेदारी गरी रोजगारी सिर्जना गर्ने ।

ग. कृषि विकास र पशु सेवाको क्षेत्रबाट आयआर्जमा जोड दिने ।

घ. स्मार्ट पालिकाको अवधारणा आत्मसाथ गर्दै ई-शासन उन्मुख व्यवस्थापन प्रणालीमा जोड दिने ।

ङ. सामाजिक न्यायका लागि लैङ्गिक समावेशीकरणका कार्य अगाडी बढाउन जोड दिने ।

**१. पुर्वाधार क्षेत्र**

**क. सडक**

विकासका लागि नभइ नहुने आधारभुत पूर्वाधार संरचणना मध्ये उच्च प्राथमिकतामा परेको ग्रामिण सडक सञ्जालमा यस नगरपालिका अन्तरगतका सबै वडा र टोल बस्तिहरु जोडी सकेको अवस्था छ । कोभिड-१९ का कारण विदेशबाट रोजगारी गुमाएर फर्केका तथा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र स्वयं नगरपालिकाको पूर्वाधार निर्माणबाट समेत रोजगारी सिर्जना गर्ने विश्वास लिएको छु ।

नगरपालिकाको सवै वडाहरुमा कच्ची सडक जोडिसकेकोले नयाँ ट्र्याक खोल्ने भन्दा खोलिएका सडक ट्र्याक स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन जोड दिइने गरि योजनाहरु तय गरिएको छ । उल्लेखित सडक सडक पूर्वाधार क्षेत्रको लागि **रु ५ करोड ८० लाख ६९ हजार ६८०** रकम विनियोजित गरेको छु ।

**ख. उर्जा**

नगर भित्रका १२ वटै वडाहरुमा विद्युत विस्तार गर्ने नीति अनुसार विद्युत विस्तार गरिने गरि बजेट विनियोजन गरेको छु । नगर भित्रका मुख्य मुख्य स्थानहरुमा सडक बत्ती र आवस्यकता अनुसार सोलार बत्तिको पनि व्यवस्था मिलाउदै लगिनेछ । जसका लागि विद्युत विस्तार गर्न संघीय सरकार, प्रदेश सरकार संग सहकार्य गर्दै समपुरक योजना तयार गरि उक्त कार्यमा तिब्रता दिनइनेछ । उलल्लेखित कार्य गर्न **रु ३ करोड ७१ लाख ५० हजार रकम** विनियोजित गरेको छु ।

### ग. भवन आवास तथा सहरी विकास

यस नगरपालिकाबाट निर्माण गरिने प्रशासनिक तथा सार्वजनिक क्षेत्रका भवनहरू निर्माण गर्ने कार्यलाई तिव्रता दिने नीति लिइएकोले वडा कार्यालय भवन, आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणमा जोड दिइनेछ । नगरका विभिन्न क्षेत्रहरुमा बहुउद्देश्यिय भवनहरु निर्माण गरिनेछ । जसका लागि भवन आवास तथा सहरी विकास तर्फ **रु २ करोड ६७ लाख २५ हजार** विनियोजित गरेको छु ।

## २. सामजिक विकास

### क. शिक्षा तर्फ

- "विद्यालयको सुधार, बालबालिकाको उज्वल भविष्यको आधार" भन्ने आदर्श वाक्यलाइ आत्मसाथ गर्दै नगर शिक्षा प्रणालीको सुधार गर्ने विद्यालयको व्यवस्थापन, क्षमता विकास, साझेदारी, असल अभ्यास आदान प्रदानको नीति लिइएकोले यस नगरपालिका अन्तरगतका ६८ वटै विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, गुणस्तर सुधार तथा व्यवस्थापनको लागि बजेट विनियोजित गरिएको छ । यस नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयका भौतिक पूर्वाधारहरु (भवन, घेरवार) लगायतका कार्यमा संघीय सरकार, कर्णाली प्रदेश सरकारको अनुदान र नगरको साझेदारीमा निर्माण हुने गरि बजेट विनियोजन गरिएको छ । यस कार्यको लागि शिक्षा पुर्वाधार विकास तर्फ **रु १ करोड ९० लाख ७५ हजार** ५०० विनियोजित गरेको छु ।
- सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारीहरु, नगर अनुदान तर्फ कार्यरत शिक्षकहरु लामो समय देखीको न्यून पारिश्रमिकबाट महंगीसंग जुध्दै जीवन निर्वाह गर्नु पर्ने अवस्थालाई मध्यनजर गरि आवश्यक नीतिगत व्यवस्थापन सहित बाल विकास सहजकर्ताहरुको मासिक तलबमा रु २०००, विद्यालय कर्मचारीहरुको तलवमा रु २५००० र नगर अनुदानमा नियुक्त सबै तहका शिक्षकहरुको मासिक तलव रु ३००० वृद्दि गर्ने गरि एकमुष्ट **रु १ करोड ७८ लाख ५० हजार** विनियोजित गरेको छु ।
- विद्यालयहरुमा खेलकुद क्रियाकलापहरुलाई प्रोत्सहान गर्न वडा अध्यकप खेलकुद प्रतियोगिता, मेयरकप प्रतियोगिता, योग शिविर लगायतका खेलकुद, कराते प्रशिक्षण सञ्चालन गर्न गरि रकम विनियोजित गरेको छु । जसका लागि **रु ४८ लाख ३०** हजार विनियोजित गरेको छु ।

**ख. स्वास्थ्य तर्फ**

कोभिड-१९ को व्यापकताले सिर्जना भएको असर तथा सम्भाव्यतालाई बिचार गरी थप रणनीति अवलम्बन गरी पहिचान, उपचार न्यूनीकरण, क्वारेनटाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याङ्क लाई प्रभावकारी बनाउँदै नगर बाट सञ्चालित आइसोलेसन केन्द्रलाई थप जनशक्ति बजेट र श्रोत साधनयुक्त बनाउनु पर्ने देखिएकले आवश्यक बजेट व्यवस्ता गरेको छु । जसका लगि **रु २ करोड ५० लाख** बिनियोजित गरेको छु ।

प्राथामिक स्वास्थ्य केन्द्र थारमारेमा MBBS डाक्टर र १२ वटै वडामा रहेका आधारभुत स्वास्थ्य केन्द्रबाट हेल्थ असिस्टेन्ट मार्फत नियमित स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

MBBS डाक्टर द्वारा प्राप्त सेवा बाहेकका विशेषज्ञ सेवा सुविधाको लागि टेलि मेडिसिन मार्फत सेवा दिने नीति लिइकोले त्यसको लागि आवश्यक कार्य अगाडि बढाइने छ ।

नगर अन्तरगत विशेषज्ञ सहितको आँखा उपचार केन्द्रको स्थापना तत्काल सञ्चालन गर्नको लागि बजेट विनियोजन गरेको छु । उल्लेखित कार्यक्रम अनुसार स्वास्थ्य क्षेत्रमा जम्मा **३ करोड २ लाख ९५ हजार** विनियोजित गरेको छु ।

**ग. खानेपानि तथा सरसफाइ**

खानेपानीको श्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी दिगो विकासको नीति अनुरूप खानेपानीको आपूर्ति मिलाउनुको साथै खानेपानीको मुहानको प्रयोगको बारेमा ठोस कार्यविधि बनाई “१ घर १ धारा” को नीति लिइएको छ । पानीको श्रोत बढावा गर्नलाई नगर भित्रका १२ वटै वडाहरुमा रिचार्ज पोखरीहरु निर्माण, लिफ्ट खानेपानीको योजनाहरु साथै विगतका खानेपानी योजनाहरुको मर्मत सम्भारको लागि बजेट बिनियोजन गरेको छु । उल्लेखित खानेपानी तथा सरसफाइको लागि रु **२ करोड १३ लाख ७५** हजार विनियोजित गरेको छु ।

**३. आर्थिक विकास**

**क. कृषि तथा पशु**

आर्थिक मेरुदण्ड तथा जीवन निर्वाहको प्रमुख श्रोतका रुपमा रहेको कृषि र पशु क्षेत्रमा कृषकलाई सहयोग प्रदान गरि किसानहरुलाई प्रोत्सहित गर्दै कृषि क्षेत्रमा आत्म निर्भर बनाउने लक्ष्य लिएका छौं । प्रदेश सरकारको साझेदारीमा दुग्ध पकेट क्षेत्र स्थापना गरिसकेको अवस्थामा थप कृषि र पशु सेवामा पकेट क्षेत्र सञ्चालन गर्न साझेदारी रकमको समेत व्यवस्था मिलाइएको छ ।

कृषकलाई पशुपालन वा कृषि क्षत्रमा ज्ञान सिप प्रदान गर्न आवश्यकता अनुसार तालिम गोष्ठिको व्यवस्था मिलाइएको छ । ५० % अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

आलु, सुन्तला लगायतका तरकारी तथा फलफूलबाट कृषकलाई बेमौसमी लाभका लागी चिस्यान केन्द्र निर्माण गर्न, किसानहरूलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याकटर, अन्य उपकरण तथा सामाग्रीहरू वितरण, निश्चित कोटा निर्धारण गरी कृषकहरूलाई ५० प्रतिशत अनुदानमा कृषक समुह, सहकारी संस्था, उपभोक्ता समिति, निजी फर्म, कम्पनी मार्फत सिँचाई पोखरी निर्माण गर्ने कार्यलाई निरन्तरता दिनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

माथि उल्लेखित कार्यक्रमका लागि यस नगरपालिकाबाट **रु १ करोड २८ लाख ८० हजार** विनियोजन गरेको छु ।

**ख. सिचाई**

कृषि योग्य जमिनमा दिगो एवं भरपर्दो सिँचाई सुविधा पुऱ्याई कृषि क्षेत्रको उत्पादन वृद्दि गर्न पानीका श्रोत भएका स्थानमा सिचाई नहर, कुलो निर्माण, सिँचाई डिभिजन र सिँचाई सँग सम्बन्धित विभिन्न परियोजनाहरूसँग समन्वय र साझेदारीमा ठुला योजनाहरू कुलो नहर बनाउने कार्यमा तिव्रताका साथ कार्यान्वयन गर्ने उचित बजेटको व्यवस्था मिलाइएको छ । जसका लागि जलश्रोत तथा सिचाईको लागि **रु ८५ लाख २५ हजार** रकम विनियोजित गरेको छु ।

**ग. पर्यटन**

नगर क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातत्त्वका हिसाबले महत्त्वपूर्ण स्थानहरूको संरक्षण एवं प्रवर्द्धन गर्न अग्ला टाकुरा भ्यु टावरको निर्माण, वली जातिको उदगम स्थल हिमचौर, शिव गुफा मन्दिर मोख्ला, बाँफुखोला दोभान जङगले बिजयधुरी पदमार्ग निर्माण, परिलेख मख्लाम पदमार्ग निर्माण गरि आन्तरिक पर्यटन प्रवर्द्धन तथा विकास गर्न पर्यटन तर्फ **रु ५३ लाख** विनियोजित गरेको छु ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न, बाल संरक्षण, किशोरी सशक्तीकरण, ज्येष्ठ नागरिक, एकल महिला, घाइते अपाङ्गता भएका व्यक्ति तथा हिंसा पीडित महिलाहरूका लागि सशक्तीकरण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ । महिला लक्षित कार्यक्रमहरु, महिलाहरुको लागि प्रविधि तालिम, जेष्ठ नागरिकलाई सम्मान, शहिद परिवारको लागि भ्रमण, शहिद परिवार सम्मान, जनयुद्द तथा

जनआन्दोलनका घाइते, अपाङ्गहरुलाई सम्मान कार्यक्रम, जनजाति सिपमुलक तालिम लगायतको कार्यक्रमहरु सञ्चालनको लगि आवश्यक बजेटको व्यवस्था मिलाएको छ । माथि उल्लेखित कार्यक्रमहरुको लागि **रु ८७ लाख ७४ हजार ५०० रकम** विनियोजित गरेको छु ।

## ५. शुसासन तथा अन्तरसम्बन्धित विषय

### क. शुसासन तथा सूचना सञ्चार प्रविधि

कार्यालयबाट हुने सेवा प्रवाहमा छिटो छरितो, चुस्त दरुस्त, पारदर्शी, मितव्ययी तथा परिणाममुखि बनाउन कार्यसम्पादनमा इ-शासनलाई प्राथामिकता दिने गरि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

जनता संग जनप्रतिनिधि कार्यक्रम, नगर स्मारिका प्रकाशन, केन्द्रिकृत सिफारिस तथा प्रमाणपत्र व्ववस्थापन प्रणाली, नागरिक वडापत्रन निर्मण, ईन्टरकम लगायत आवश्यक सफ्टवयेरहरु निर्माणको लगि बजेट व्यवस्था गरेको छु । जसका लागि सूचना सञ्चार प्रविधि तर्फ रु ५१ लाख ५० हजार विनियोजन गरेको छु ।

### ख. श्रम तथा रोजगार

कोभिड-१९ का कारण रोजगारी गुमाएका बरोजगार युवाहरुको लागि कम्तिमा १०० दिन बराबरको रोजगारीको अवसर प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र नगरको साझेदारीमा कार्यक्रम सम्पन्न गर्ने गरि आवश्यक बजेटको व्यवस्था गरेको छु । यसबाट स्थानीय युवाहरुमा आफ्नै नगरको विकास र समृद्दिको लागि योगदान गर्ने अवसर समेत प्राप्त हुने अपेक्षा लिएको छु । प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि **रु ७९ लाख** रकम विनियोजन गरेको छु ।

### ग. वन वातावरण तथा विपद् व्यवस्थापन

जलवायु परिवर्तन सहयोग कार्यक्रमहरु, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण तथा अनुकूलन गर्दै प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन गर्ने कार्यक्रम प्राथमिकता साथ बजेट व्यवस्था गरिएको छ ।

बाढी, पहिरो, आगलागी जस्ता विपदको पूर्व तयारीका लागि सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपद् व्यवस्थापनका अत्यावश्यक सामग्रीहरूको आवश्यक बन्दोबस्त मिलाइने छ ।

कोभिड-१९ को महामारी रोकथाम तथा न्यूनिकरण गर्नको लागि कोभिड-१९ आइसोलेसन केन्द्रको थप व्यवस्थापन, एन्टिजेन परीक्षण, स्वास्थ सुरक्षा तथा जनचेतनामुलक सन्देश प्रशारण लगायतको कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

**घ. न्याय तथा कानून**

असल शासन व्यवस्था सञ्चालनको लागि विधिको शासनको आवश्यकता रहन्छ । विधिको शासन भन्नु नै कानुनको सहाराबाट शासकीय पद्धति सञ्चालन गर्नु हो । सङ्घ सरकारबाट कानुनका केही खाकाहरू समय समयमा प्राप्त भएका छन् । प्रदेश सरकारका कानुनहरू पनि निर्माण भई रहेका छन् । हाम्रो यस बागचौर नगरपालिकाले हालसम्म विभिन्न ऐन, नियम, कार्यविधिहरू निर्माण गरेको भए तापनि अझै महत्त्वपूर्ण ऐन, नियम, कार्यविधिहरू निर्माण गर्न बाँकी नै रहेको हुँदा उक्त कानुनहरू निर्माण कार्यलाई आगामी आ.ब.मा पनि निरन्तरता दिइने छ । न्यायिक समिति र मेलमिलाप कर्तालाई दक्ष र क्रियाशिल बनाउन तालिम तथा कानूनी परामर्शको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

सुशासन, न्याय तथा कानून, श्रम तथा रोजगार, वन, वातारवरण तथा विपद् व्यवस्थापन, रोजगार प्रवर्द्धनममा **एकमुष्ट रु १ करोड ४२ लाख** विनियोजन गरेको छु ।

## सभाअध्यक्ष महोदय,

अन्त्यमा, यो बजेट निर्माण गर्न मार्ग निर्देशन प्रदान गर्नु हुने नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सहयोग प्रदान गर्नुहुने वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, सदस्यज्यूहरु तथा कर्मचारी वर्गहरु, न्यायप्रेमी बुद्धिजिवीहरु, नागरिक समाज, संघ संस्थाका पदाधिकारीज्यूहरु, सञ्चारकर्मी तथा सम्पुर्ण नगरबासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद !

कल्पना पुन
नगर उप-प्रमुख
बागचौर नगरपालिका, सल्यान

अनुसुची

| **संघीय सरकार** | | |
|---|---|---|
| **क्र.स.** | **शिर्षक** | **रकम** |
| १ | वित्तिय समानीकरण अनुदान | 120800000 |
| २ | राजश्व बाँडफाँड | 92767000 |
| ३ | सशर्त अनुदान | 298400000 |
| ४ | घर जग्गा रजिष्ट्रेसन दस्तुर (मालपोत) | 3500000 |
| ५ | राजश्व बाँडफाँड भै प्राप्त हुने वन रोयल्टी | 300000 |
| **जम्मा** | | **515767000** |
| **प्रदेश सरकार** | | |
| १ | वित्तिय समानीकरण अनुदान | 13192000 |
| २ | राजश्व बाँडफाँड | 883476 |
| ३ | सशर्त अनुदान | 19702000 |
| ४ | विशेष अनुदान | 4000000 |
| ५ | समपुरक अनुदान | 12000000 |
| **जम्मा** | | **49777476** |
| **आन्तरिक श्रोत** | | |
| १ | कर तथा दस्तुर सेवा शुल्क | 10000000 |
| २ | गत वर्षको अ.ल्या. | 202707998 |
| ३ | कोभिड १९ रोकथाम तथा नियन्त्रण | 10000000 |
| **जम्मा** | | **222707998** |
| **कुल आय जम्मा** | | **788252474** |
| | **(ख) व्यय तर्फ** | |
| **क्र.स.** | **शिर्षक** | **रकम** |
| १ | चालु खर्च | 435752476 |
| २ | पुजिगत | 352499998 |
| | **कुल व्यय जम्मा** | **788252474** |